आज मिती २०८२ असोज २ गते विहिबारका दिन दिनको ८:३० बजे यस परोहा नगरपालिका का नगर प्रमुख श्री शेख वकिल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिलका पदाधिकारीहरु तथा सरोकारवालाहरुको उपस्थितिमा बसियो ।

उपस्थिती

१ श्री शेख वकिल - नगर प्रमुख
२ श्री सुगन्धी गिरी - नगर उप प्रमुख
३ शेख समिउल्ला - वडा अध्यक्ष बडा नं. १
४ श्री सेराजुदिन - बडा अध्यक्ष वडा नं. २
५ श्री महेश सिंह - वडा अध्यक्ष वडा नं. ३
६ श्री जवाहरलाल राय यादव - वडा अध्यक्ष वडा नं. ४
७ श्री महमद सजिमअंसारी - वडा अध्यक्ष वडा नं. ५
८ श्री रामविलास प्रसाद जैसवार- वडा अध्यक्ष वडा नं. ६
९ श्री नागेन्द्र प्रसाद - वडा अध्यक्ष वडा नं. ७
१० श्री खेदु मुखिया - वडा अध्यक्ष वडा नं. ८
११ श्री मो.कफिल अन्जुम - वडा अध्यक्ष वडा नं. ९
१२ श्री विशेष पासवान - का.पा. सदस्य
१३ श्री राकेश कुमार ठाकुर - का.पा. सदस्य
१४ श्री बचिया देवी - का.पा.सदस्य
१५ श्री रामापति देवि पासवान - का.पा. सदस्य
१६ श्री ईन्दु देवी - का.पा. सदस्य
१७ श्री मिना देवी साह - का.पा. सदस्य
१८ श्री राजबती देवी - का.पा. सदस्य
१९ श्री हसिना खातुन - का.पा. सदस्य
२० श्री मो.महफुज अहमद - प्र.प्र.अधिकृत
२१ श्री अब्दुल रब अंसारी - नासु

प्रस्ताव नं. (१) – प्रमुख प्रशासकीय अधिकृतको सरुवा रोक्काका लागी मन्त्रालयलाई सिफारिस सहित अनुरोध गर्ने सम्बन्धमा

निर्णय - प्रस्ताव नं. (१) माथि छलफल गर्दा यस नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत स्थायी ठेगाना जिल्ला सर्लाही मलंगवा नगरपालिका वार्ड नं.५ भएता पनि अस्थायी रुपमा यसै रौतहट जिल्लाको सदरमुकाम गौरमा बसोबास गर्दै विगत ४ बर्ष देखी उच्च मनोवलका साथ निर्विवाद रुपमा कामकाज गर्दै आउनु भएका प्रमुख प्रशाकीय अधिकृत श्री मो.महफुज अहमदको सामान्य प्रशासन मन्त्रालयबाट पर्सा जिल्लामा सरुवा गरिएकोमा निजको अवकाश मिति २०८२/११/०४ गते रहेको हुँदा अवकाशको अन्तिम क्षणमा सरुवा हुनु एक कुशाल र कर्मठ कर्मचारीलाई दण्डित गरे सरह हुनुका साथै निजामति सेवा ऐनको व्यवस्था बमोजिम पनि नदेखिएको तथा निजको कार्यको यस न.पा.मा उच्च मूल्याङ्कन रहेकोले यस न.पा.लाई बाँकी अवधि सेवा गर्ने मौका दिन निजको सरुवा रोक्का गरी दिनका लागी सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस सहित अनुरोध गर्ने निर्णय सर्व सहमतिले गरियो।